वेसीशहर नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

बेसीशहर, लमजुङ
गण्डकी प्रदेश, नेपाल

चेतनाथ अर्याल
प्रमुख प्रशासकीय अधिकृत

## बेसीशहर नगरपालिकाको नियमन क्षेत्र भित्र पर्ने सहकारीहरुको लागि अत्यन्त जरुरी सूचना

प्रकाशन मिति:२०८२/०४/१६

प्रस्तुत विषयमा नेपाल सरकारको सहकारी ऐन २०७४ को परिच्छेद १२, दफा ७५ बमोजिम सहकारी संस्थाले प्रत्येक आर्थिक वर्षको अन्तिम लेखा परिक्षण सो आर्थिक वर्ष समाप्त भएको मितिले ३ महिना भित्र प्रचलित कानुन बमोजिम इजाजत प्राप्त लेखापरिक्षक वाट गराउनु पर्ने प्रावधान भएकोले नेपाल सरकार(मन्त्रिस्तर) वाट मिति २०७५/०५/०७ मा प्रमाणित सहकारी संस्थाको लेखा परिक्षण निर्देशिका, २०७५ बमोजिम बेसीशहर नगरपालिका कार्यक्षेत्र कायम गरी दर्ता अभिलेखिकरण भएका सहकारीहरुले आ.व २०८१/०८२ को अन्तिम लेखापरिक्षण गराउनको लागि नियमानुसार लेखा परिक्षक नियुक्ति गरि सोको जानकारी यस बेसीशहर नगरपालिकाको कार्यालयमा पठाउनु हुन र तोकिएको समय भित्र सहकारी संस्थाको लेखापरिक्षण सम्पन्न गराउनु हुन जानकारी गराइन्छ । सो बमोजिम नभएमा नियमानुसार हुने छ । साथै आ.व ०८२/८३ को पहिलो चौमासिक भित्र तपशिल बमोजिमका कार्यहरु अनिवार्य सम्पादन गर्नुहुन अनुरोध छ ।

**तपशिल**

- आर्थिक वर्ष समाप्त भएको ६० दिन भित्र संचालक समिति, लेखा सुपरिवेक्षण समिति र व्यवस्थापकको सम्पत्ती विवरण नगरपालिका पेश गर्ने ।
- कोपोमिसमा तोकिए बमोजिमको विवरणहरु(सम्पुर्ण सदस्यहरुको विवरण, मासिक/चौमासिक वित्तिय विवरण र अन्य विवरणहरु) प्रविष्ट गर्ने ।
- मासिक स्वेत-पत्र जारि गरि सोको जानकारी नगरपालिकामा पठाउने व्यवस्था मिलाउने ।
- अधिकांश सहकारी संस्था लि.को विनियम समय सापेक्ष वनाउन विनियम पुनर्लेखन तथा संसोधन गर्नु पर्ने देखिएकोले विनियम पुनर्लेखन तथा संसोधनको नगरपालिकासँग अनुमति लिई प्रकृया अगाडि वढाउने ।

**थप जानकारीको लागि सम्पर्क**

बेसीशहर नगरपालिकाको कार्यालय
बेसीशहर, लमजुङ
फोन.नं.: ०६६-५२०१५०

चेतनाथ अर्याल
प्रमुख प्रशासकीय अधिकृत

Website : besishaharmun.gov.np, Email: besishaharmunicipality@gmail.com